लिखु गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

भलाद्मी डाँडा, नुवाकोट

बागमती प्रदेश, नेपाल


प.सं. ०८२/०८३

च.नं.

## जग्गा भाडामा दिने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/११/२५**

नुवाकोट जिल्ला लिखु गाउँपालिका कार्यालयको स्वामित्वमा रहेको लिखु गा.पा. वडा नं. ४ चौघडा स्थित कि.नं. ८०४, ५८३, ५५४, ५५३, ५५५ र ५५८ को करिब ५४ रोपनी जग्गा मध्ये २० रोपनी जग्गा लिखु गाउँपालिकामा "एकीकृत कृषि विकास र प्रशोधन केन्द्र" स्थापना गर्ने प्रयोजनको लागि कृषि फार्म/प्रा.लि. लाई प्रति रोपनी वार्षिक रु. १०,०००/- (अक्षरुपी दश हजार) भन्दा माथि जुन फर्मले बढि अंक कबोल गर्छ सोही अनुसार तपशिलमा उल्लेखित कार्यक्षेत्रभित्र रहि कार्य गर्ने गरी कम्तीमा १५ वर्षको लागी भाडामा दिन यस कार्यालयको मिति २०८२/११/०५ को कार्यापालिका बैठकको निर्णय बमोजिम इच्छुक कृषि फार्म/प्रा.लि.ले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिलबन्दी प्रस्ताव पेश गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. पशु आहार उत्पादन तथा निर्यातमुखी प्रशोधन व्यवस्था गर्ने ।

२. साइलिज घाँस तथा अन्य गुणस्तरीय चारा बालीहरूको उत्पादन, प्रशोधन, भण्डारण तथा निर्यातमुखी आपूर्ति श्रृंखला विकास गर्ने ।

३. स्थानीय स्तरमा उत्पादित कृषि बालीहरूको संरक्षण, संकलन, व्यवस्थापन तथा निर्यात प्रवर्द्धनका लागि कोल्ड स्टोरेज तथा ड्राइ स्टोरेज केन्द्र स्थापना गरी सञ्चालन गर्ने ।

४. किसान तालिम तथा खरीद प्रत्याभूति कार्यक्रम (Buy-Back System) व्यवस्था गर्ने ।

५. आवश्यक बालीहरूको उत्पादन सम्बन्धी प्राविधिक तालिम, क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने तथा उत्पादित बालीहरूको सुनिश्चित खरीद (Buy-Back) व्यवस्था गर्ने ।

६. मूल्य अभिवृद्धि तथा कृषि व्यवसाय विकास गर्ने ।

७. कृषि उपजको ग्रेडिङ, प्याकेजिङ, प्रशोधन तथा बजारीकरण गरी मूल्य अभिवृद्धि तथा निर्यात प्रतिस्पर्धात्मकता अभिवृद्धि गर्ने ।

८. व्यवसायीक कृषि प्रविधि तालिम केन्द्र स्थापना गर्ने ।

९. स्थानिय स्तरमा जीवनमुखी कृषि रोजगारीको सृजना गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

लिखु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भलाद्मी डाँडा, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं. ०८२/०८३
च.नं.

**भाडा दर**

पहिलो वर्ष संम्झौता भएको रकमको ५ प्रतिशतका दरले प्रत्येक वर्ष भाडमा बृद्धि गरिने छ ।

**संलग्न कागजात**

१. कंपनी /फर्म रजिस्टरको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

२. करचुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपि ।

३. कार्य अनुभवको प्रमाणपत्र ।

४. माथि उल्लेखित उद्धेश्य अनुरुप कार्य गर्न सक्ने प्रमाण सहितको सो घोषण गरिएको प्रतिवद्धता पत्र ।

**थप जानकारीको लागी**

उपेन्द्र प्याकुरेल
सूचना अधिकारी
फोन नं. ९८५१११०४६३

.............................
अशोक बिष्ट
प्रमुख प्रशासकीय अधिकृत